**मध्यकालीन मीमांसा अधिगोष्ठी**
**१३-१४ मंसिर २०७२**
**मार्टिन चौतारी, काठमाडौं**



*परिचय*

यो अधिगोष्ठी नेपाली इतिहास-विमर्शमा मध्यकाल (विसं ९३७—१८२६; नेसं १—८८९; ईसं ८८०—१७६९) को महत्त्व स्थापित गर्न मार्टिन चौतारीले थालेको एउटा उपक्रम हो। यसको उद्देश्य प्राज्ञिक खोजका निष्कर्षका आधारमा मध्यकालसम्बन्धी प्रचलित दृष्टिकोणलाई बदल्नु रहेको छ। यो अधिगोष्ठी मध्यकाल अनुसन्धानका स्रोत, विधि, उपकरण, तर्क र सिद्धान्तबारे इतिहासका जानकार अनि जिज्ञासु दुवैबीच तथ्यपरक प्रस्तुति र छलफल गर्ने थलो हो।

*विषय-सन्दर्भ*

नेपाली इतिहासलेखनले मध्यकालिक समाज, संस्कृति र अर्थराजनीतिबारे चासो राख्न छाडेको देखिन्छ। इतिहासको मूलविधाभित्र मध्यकाल मीमांसा निरीह अवस्थामा छ भन्न सकिने तथ्याङ्क छन्। नेपाल प्रज्ञा-प्रतिष्ठान, नेपाल तथा एशियाली अनुसन्धान केन्द्रजस्ता लोकधन लगाइएका संस्थानमा गरिने अनुसन्धान र छापिने पुस्तकबाट समेत एकताका दरिलो उपस्थिति रहेको मध्यकाल एक डेढ दशकयता लुप्तप्रायः देखिन्छ। ठीक यही अवधिमा समाजशास्त्रीय वृत्तभित्र वा समाजशास्त्र-सूचित विधामा अत्याधुनिक र उत्तरआधुनिक भनिने इतिहासका सन्दर्भ उठाउने लर्को चलेको छ। यी सन्दर्भ वर्तमान-केन्द्रित छन्। त्यसैले यिनले भरखरै गुज्रेको समयको अध्ययनतिर बढी तागत खर्चेका छन्। यिनले साँस्कृतिक र राजनीतिक दृष्टिले बिसौं शताब्दीको नेपाली समाजमै आज देखिन थालेका परिवर्तनका सूत्र छन् भन्ने विश्वास लिएका देखिन्छन्। त्यहिँ रहेको अन्याय कथेर यिनले आजको क्रान्तिकारी परिवर्तनबाट सुनौलो भविष्य निर्माण गर्न इतिहासको उपयोग गरिरहेको देखिन्छ। सार्वजनिक बहसमा पनि सबैजसो इतिहासको थालनी पृथ्वीनारायण शाहदेखि हुन्छ। वर्तमानका सबै दारिद्र्य र दुःखको दोष उनै शाहद्वारा स्थापित राज्यको निर्माण प्रक्रिया र निष्कर्षमा, अनि तिनले चलाएको केन्द्रीय एकात्मक भनिने शासनप्रणालीमा खोज्ने विचार अहिले हावी देखिन्छ। यसरी प्राज्ञिक र लोकप्रिय दुवै ऐतिहासिक आख्यानमा मध्यकाललाई असान्दर्भिक जस्तै देखाइएको छ।

दक्षिण-एशियामा र नेपालमै पनि मध्यकालको अनुसन्धान हुँदै नभएको भने होइन। तर मध्यकालसम्बन्धी अनुसन्धानको गुणस्तर र संख्या दुवै दक्षिण एशियामै खस्किँदो छ भन्ने तर्क गरिएका छन्। प्राच्यविद् शेल्डन पोलोकले शास्त्रमूलक अध्ययनको बढ्दो खडेरीभित्र मध्यकालिक लिपि र भाषाका जानकार विश्वभरि नै र भारतीय उपमहाद्वीपमा मृतप्रायः देखेका छन्। यस्तै



परिदृश्यमा नेपालका सबैजसो इतिहास अनुसन्धाताको पुराविद्यासम्बन्धि ज्ञानमा गर्व गर्ने ठावैं नभएको भन्नेहरू पनि छन्। इतिहासविद् महेशराज पन्तले हालै "प्रतिष्ठित अन्वेषकहरूमा समेत मूलबाट अभिलेख पढ्नसक्ने योग्यता त कता हो कता अरूले छपाइसकेको अभिलेख उतार्नसम्म सक्ने क्षमता छैन" भनी आलोचना गरेको कुरा स्मरणीय छ। यो सन्दर्भमा नेपाली इतिहासलेखनमा मध्यकाल मीमांसाको आजसम्मको प्रवृत्ति र परिणाम, तथा नेपाली समाजका आजको सरोकारहरूलाई यिनले कसरी नयाँ ढङ्गले प्रकाशित गरेका छन् वा गर्न सक्छन् भन्ने छलफल गर्दै मध्यकालबारे भावी अनुसन्धानको दिशा तय गर्नसमेत यो **मध्यकालीन मीमांसा अधिगोष्ठी** एउटा अवसर हुनेछ भन्ने विश्वास गरिएको छ।

*मध्यकालीन मीमांसा अधिगोष्ठी २०७२ आयोजक समिति*

| | | | |
|---|---|---|---|
| **दिनेशराज पन्त** | नेपाल प्रज्ञा-प्रतिष्ठान | **दिवाकर आचार्य** | क्योटो विश्वविद्यालय |
| **प्रत्यूष वन्त** | मार्टिन चौतारी | **योगेश राज** | मार्टिन चौतारी |

**कार्यक्रम तालिका**

पहिलो दिन १३ मंसिर २०७२

नाम दर्ता ९:३० — १०:००

कार्यक्रम सञ्चालक **अर्जुन पन्थी**
उद्घाटन सत्र १०:००-१०:४५
स्वागत **प्रत्यूष वन्त**
सम्भाषण **ज्ञानमणि नेपाल**

पहिलो सत्र **कालक्रमिकता** ११:००-१२:३०
सत्राध्यक्ष **त्रिरत्न मानन्धर**
पत्र १ **श्यामसुन्दर राजवंशी** नेपाल संवत्को शुरुआतदेखिका उल्लेख्य तिथिमिति *टिप्पणीकर्ता* **काशीनाथ तमोट**
पत्र २ **देवीचन्द्र श्रेष्ठ** नेपालको इतिहासमा माध्यमिक कालको अवधारणा र इतिहास दर्शनमाथि चञ्चुप्रवेश *टिप्पणीकर्ता* **दिनेशराज पन्त**

दोस्रो सत्र **इतिहासलेखन** १२:३०-१३:१५
सत्राध्यक्ष **विजय मानन्धर**
पत्र ३ **Yogesh Raj** Waking History Up from the Chronological Nightmares (कालक्रमको दुःस्वप्नबाट इतिहासलाई बिउँझाउँदा) *Commentator* **Shankar Thapa**
*खानपीन* *१३:१५-१४:००*

तेस्रो सत्र **स्रोतसामग्री** १४:००-१५:३०

सत्राध्यक्ष **तारानन्द मिश्र**

पत्र ४ **प्रकाश दर्नाल** पुरातात्त्विक स्थल खोक्सारको उत्खननको महत्त्वबारे एक चर्चा *टिप्पणीकर्ता* **बसन्त बिडारी**

पत्र ५ **Jeffrey Kotyk** References to Nepal in Classical Chinese Sources (शास्त्रीय चिनियाँ स्रोतमा नेपाल सन्दर्भ) *Commentator* **Vijay Manandhar**

जलपान १५:३०-१५:४५

चौथो सत्र **जन** १५:४५-१७:१५

सत्राध्यक्ष **चुन्दा बज्राचार्य**

पत्र ६ **गोपाल धौबञ्जार** मध्यकालीन जन, जात र वर्गः नेवार समुदायको सन्दर्भमा *टिप्पणीकर्ता* **ओंकारेश्वर श्रेष्ठ**

पत्र ७ **अमृत योञ्जन** माध्यमिककालीन तामाङ लोक-इतिहास *टिप्पणीकर्ता* **रमेश ढुङ्गेल**

<u>दोस्रो दिन १४ मंसिर २०७२</u>

कार्यक्रम सञ्चालक **देवेन्द्र उप्रेती**

पहिलो सत्र **क्षेत्र** ९:३०-११:००

सत्राध्यक्ष **सुरेन्द्र के.सी.**

पत्र ८ **अर्जुन माबुहाङ** लिम्बूजातिको दशलिम्बू सत्रथुमकालिन इतिहास र रीतिथिति *टिप्पणीकर्ता* **कमल तिगेला**

पत्र ९ **बसन्त महर्जन** खश साम्राज्यको पतन र नेपाल मण्डलमा त्यसको प्रभाव *टिप्पणीकर्ता* **डिल्लीराज शर्मा**

*जलपान* *११:००-११:१५*

दोस्रो सत्र **क्षेत्र** ११:१५-१२:४५

सत्राध्यक्ष **प्रेमशान्ती तुलाधर**

पत्र १० **पुरुषोत्तमलोचन श्रेष्ठ** अभिलेखबाट बनेपा र चण्डेश्वरीलाई हेर्दा *टिप्पणीकर्ता* **टेकबहादुर श्रेष्ठ**

पत्र ११ **शुक्रसागर श्रेष्ठ** कीर्तिपुरमा नाक काटेको थप ऐतिहासिक तथ्य *टिप्पणीकर्ता* **रास जोशी**

*खानपीन* *१२:४५-१३:३०*

तेस्रो सत्र **क्षेत्र** १३:३०-१५:००

सत्राध्यक्ष **वीणा पौड्याल**

पत्र १२ **तारानन्द मिश्र** नेपालमा चिकित्साशास्त्र र देउपाटनका वैद्यहरूको सिमरौनगढसँगको सम्बन्ध *टिप्पणीकर्ता* **त्रिरत्न मानन्धर**



पत्र १३ **David Seddon** and **Fraser Sugden** Medieval Madhes: Towards a 'new' regional history (मध्यकालिक मधेस: 'नयाँ' क्षेत्रिय इतिहासतर्फ) *Commentator* **Gopal Jha**

चौथो सत्र **बहस** १५:००-१६:१५

साझा विमर्श **मध्यकालीन विमर्श र वर्तमान**

सत्र सञ्चालक **योगेश राज**

सहभागी **शङ्कर थापा, काशीनाथ तमोट, वैरागी काइँला, वीणा पौड्याल**

समापन सत्र १६:१५-१६:४५

आयोजकतर्फबाट मन्तव्य **प्रत्यूष वन्त**

सहभागीतर्फबाट मन्तव्य **अर्जुन माबुहाङ**

*जलपान* *१६:४५*

---

मार्टिन चौतारी अनौपचारिक छलफल समूहका रूपमा ०४८ को मध्यतिर स्थापना भएको हो। त्यो छलफलको मुख्य प्रयोजन ०४६ को परिवर्तनपछि विकासका कार्यक्रमले नेपाली समाजमा ल्याउन थालेको हलचल ठम्याउनु रहेको थियो। ०४९ साउनमा त्यो छलफल समूहका संस्थापक मध्येका एक र ०४६ को परिव्रतनबारे रचिएको पुस्तक *स्प्रिङ् अवेक्अनिङ्* (वसन्त जागरण)का सहलेखक इतिहासविद् मार्टिन हफ्टनको एउटा जहाज दुर्घटनामा मृत्यु भयो। ०५२ तिर उनै मार्टिनको सम्झनामा छलफल समूहलाई मार्टिन चौतारी भन्न थालियो। पछि सामाजिक विकास तथा अनुसन्धान केन्द्रको व्यवस्थापनमा छ वर्षसम्म मार्टिन चौतारी सञ्चालित रह्यो। ०६१ मा आएर मार्टिन चौतारी एउटा गैरसरकारी संस्थाको रूपमा काठमाडौंमा विधिवत् दर्ता गरियो। चौतारीको स्थापनादेखि नै यसको प्रमुख उद्देश्य नेपाली सार्वजनिक वृत्तको विस्तार र विकास गर्नु रह्यो। त्यसको लागि नयाँ र सान्दर्भिक ज्ञानको उत्पादन र वितरण, सुसूचित सार्वजनिक संवाद र बहसको अवसरको सिर्जना र त्यस्ता गुणस्तरीय बहससम्म आम नेपालीको पहुँच सुनिश्चित गर्नु उत्तिकै महत्त्वपूर्ण हुन्छ। चौतारीका हालका गतिविधि यिनै उद्देश्यले प्रेरित छन्।

चौतारीका गतिविधि र प्रकाशनसम्बन्धी थप जानकारी तपाइँ चौतारीको थापाथलीस्थित कार्यालय परिसरमा आएर, अथवा यसको वेबपेज www.martinchautari.org.np बाट पाउनसक्नु हुन्छ। सम्पर्कका लागिः

फोनः ०१-४२३८०५०/४१०२०२७

फेसबुकः facebook.com/martinchautari

ट्विटरः twitter.com/MartinChautari